आज मिति २०६८।२।८ गते क्षत्री राष्ट्रिय आन्दोलन समितिले पेश गरेका मागका सम्बन्धमा नेपाल सरकारद्वारा गठित वार्ता टोली र क्षत्री राष्ट्रिय आन्दोलन समितिबीच शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा वार्ता भई देहाय अनुसार सहमति कायम भयो :

१ निर्धारित समयमा हाम्रो र राम्रो संविधान जारी गरियोस् भन्ने मागलाई सरकारले स्वीकार गर्दछ ।

२. राज्यको पुनर्संरचना गर्दा राष्ट्रिय अखण्डता र जातीय सद्भावलाई सुदृढ पार्ने गरी भौगोलिक निकटता, प्रशासनिक अनुकुलता, श्रोत र साधनको उपलब्धता, आर्थिक सम्भाव्यता र भाषिक तथा सांस्कृतिक समानताको आधारमा समेत गर्न संविधान सभामा सिफारिससाथ अनुरोध गर्ने ।

३ राज्यका तर्फबाट प्रदान गरिने विभिन्न आरक्षण सुविधाहरुमा सामाजिक-आर्थिक हैसियत (वर्ग) लाई समेत प्राथमिकता दिन नेपाल सरकार प्रतिबद्धता व्यक्त गर्दछ ।

४ भविष्यमा समानुपातिक निर्वाचन प्रणालीका लागि जातीय समूह बनाउँदा 'खस क्षत्री'हरुलाई निश्चित पहिचानसहित प्रतिनिधित्वको व्यवस्था गरियोस् भन्ने मागका सम्बन्धमा सरकारले आवश्यक व्यवस्था गर्नेछ ।

५ क्षत्री जातिलाई आदिवासी जातिमा सूचिकृत गरियोस् भन्ने मागका सम्बन्धमा अध्ययन गर्न एक महिनाभित्र सरकारले एउटा अध्ययन कार्यदल बनाउनेछ र त्यसको सुझावको आधारमा आवश्यक व्यवस्था गरिनेछ ।

६. क्षत्री राष्ट्रिय आन्दोलन समितिले आव्हान गरेको आन्दोलनका सम्पूर्ण कार्यक्रमहरु आजैका मितिबाट फिर्ता लिइएका छन् ।

प्रा.डा. दिलबहादुर क्षत्री
संयोजक
क्षत्री राष्ट्रिय आन्दोलन समिति

विश्वनाथ शाह
शान्ति वार्ता टोली संयोजक एवम्
मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय